**राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय**

२०८० असार २१ गते विहीबार विहान ०८:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब. २०७९/०८० को पन्ध्रौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :

<u>निर्णय नं. १:</u>

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने।

<u>निर्णय नं. २:</u>

मासिक आय/व्यय प्रगति विवरण प्रतिवेदन माथि छलफल तथा समीक्षा गरियो। संक्षिप्त प्रतिवेदन तपसील बमोजिम रहेको छ। (२०८०/०२/२९ देखि २०८०/०३/२० सम्मको)

| राक्सिराङ्ग गाउँपालिका<br>गाउँकार्यपालिकाको कार्यालय<br>आयको संक्षिप्त विवरण | | | | |
|---|---|---|---|---|
| आ.व २०७९/०८०<br>अवधि २०७९/४/०१-२०८०/३/२० | | | | |
| श्रावण १ देखि असार २० सम्म | | | | |
| शिर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी % | |
| संघीय सरकार | ३४ करोड ७६ लाख ४१ हजार | ३२ करोड ६६ लाख ५१ हजार ५ सय | ९३.९६ | |
| प्रदेश सरकार | ८ करोड ५७ लाख ५८ हजार | ८ करोड ५७ लाख ५८ हजार | १०० | |
| राजश्व वाडफाड | १७ करोड २६ लाख १७ हजार | १२ करोड ६२ लाख ५६ हजार ०१२ | ७३.१४ | |
| आन्तरिक स्रोत | ७ करोड ७१ लाख ४० हजार | ९ करोड ८० लाख १२ हजार ७ सय २४ | १२७.०६ | |
| जम्मा | ६७ करोड ४० लाख ११ हजार | ५९ करोड ९८ लाख ६५ हजार ४४ | ९३.१९ | |

| राक्सिराङ्ग गाउँपालिका<br>गाउँकार्यपालिकाको कार्यालय<br>व्ययको संक्षिप्त विवरण | | | | |
|---|---|---|---|---|
| आ.व २०७९/०८०<br>अवधि २०७९/४/०१-२०८०/३/२० | | | | |
| श्रावण १ देखि असार २० सम्म | | | | |
| शिर्षक | वार्षिक बजेट | खर्च | खर्च % | |
| चालु खर्च | ४१ करोड ७६ लाख २१ हजार | २६ करोड ५५ लाख १४ हजार ८ सय ५३ | ६३.५८ | |
| पुजीगत खर्च | २६ करोड ५५ लाख ३५ हजार | १९ करोड ९३ लाख ५४ हजार ७ सय ९९ | ७५.०८ | |
| जम्मा | ६८ करोड ३१ लाख ५६ हजार | ४६ करोड ४८ लाख ६९ हजार ६ सय ५३ | ६८.०४ | |

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

देव चन्द्र गतौंला
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
क्षेत्रगत बजेट तथा खर्च विवरण

आ.व २०७९/०८०
अवधि २०७९/४/०१-२०८०/३/२०

श्रावण १ देखि असार २० सम्म

| सि. नं. | शिर्षक | विनियोजन बजेट | खर्च | खर्च % | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४ करोड ८६ लाख | ३ करोड ५४ लाख ७७ हजार ३ सय ११ | ७३ % | १ करोड ३१ लाख २२ हजार ६ सय ८९ |
| २ | सामाजिक विकास | २५ करोड ९१ लाख ३४ हजार | १८ करोड ९३ लाख ३३ हजार २ सय ४७ | ७३.०६ % | ६ करोड ९८ लाख ७ सय ५२ |
| ३ | पूर्वाधार विकास | २२ करोड ६७ लाख २० हजार | १६ करोड ८९ लाख ८६ हजार ३ सय ८ | ७४.५४ % | ५ करोड ७७ लाख ३३ हजार ६ सय ९१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २ करोड ४६ लाख ८७ हजार | १ करोड ६१ लाख ९२ हजार ४ सय ५० | ६५.५९ % | ८४ लाख ९४ हजार ५ सय ५० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२ करोड ४० लाख १५ हजार | ५ करोड ४८ लाख ८० हजार ३ सय ३६ | ४४.२५ % | ६ करोड ९१ लाख ३४ हजार ६ सय ६३ |
| कुल जम्मा | | ६८ करोड ३१ लाख ५६ हजार | ४६ करोड ४८ लाख ६९ हजार ६ सय ५३ | ६८.०४ % | २१ करोड ८२ लाख ८६ हजार ३ सय ४६ |

**निर्णय नं. ३:**

धनगढी-८, कैलाली ठेगाना भएका बेहडाबाबा निर्माण सेवाले यस गाउँपालिकाको वडा नं. ५, ७ र ८ जोडने सडक निर्माण ठेक्का ("Procurement of construction of chainpur-mandedada-charimara-dirang road project" ROAD/NCB/RAK-3/77/78) रकम रु. ७७,६२,५५१/२१ मा र वडा नं. १, २ र ३ जोडने सडक निर्माण ठेक्का ("Procurement of construction of chainpur-sunarisaura-lapur-sanobhabar road project" ROAD/NCB/RAK-4/77/78) रकम रु. ७८,३३,२३३/४० मा सकार गरेकोमा ती दुबै ठेक्का मिति २०७७/०८/३० मा सम्झौता भई मिति २०७८/०२/३० सम्म कार्य गर्ने गरी कार्यादेश दिइएकोमा विभिन्न कारणले गर्दा कार्ययोजना सहीत म्याद थपको लागि पेश भएकोमा मिति २०७८ पुस मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप गरिएकोमा तोकिएको समयमा कार्य सम्पन्न गर्न पटक पटक पत्राचार गरीएकोमा पनि कार्य सम्पन्न नगरेको हुँदा निज कम्पनीलाई सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ बमोजिम कालो सूचीमा राख्ने प्रयोजनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ४:**

यस गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस गाउँपालिका भित्र अनुदानमा *राक्सिराङ्ग सामुदायिक रेडियो संचालन तथा स्थापना* गर्न मिति २०८०/०१/११ गते प्रकाशित सार्वजनिक सूचना प्रकाशन गरि प्रस्ताव आह्वान भएकोमा एक मात्र संस्था श्री राक्सिराङ्ग विकास संस्था, राक्सिराङ्ग-५, मकवानपुरबाट रित पुर्वक प्रस्तावना प्राप्त भएकोले उक्त संस्थालाई राक्सिराङ्ग सामुदायिक रेडियो संचालन तथा स्थापनाका लागि छनौट गरि आवश्यक प्रक्रिया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चैनपुर, मकवानपुर बागमती प्रदेश, नेपाल

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५:**

क) यस गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार ***कैलाश-कोखारी-काँकडा-भण्डारा सडक शिर्षक*** अन्तर्गत ***मेताङसि-कोखारी-गैजुराङ सडक***को स्विकृत रकम रु. २,६०,००,०००/ बाट उक्त सडकको ठेका अङ्क रु. २,३९,२५,९००/ मा ठेक्का लागि बाँकि रहेको रु. २०,७४,१००/ मध्येबाट रु उपभोक्ता समिति मार्फत थप काम भएको २०,५०,०००।०० को प्राविधिक मूल्यांकन बमोजिम हुन आउने रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

ख) बोटबारी परेवाभिर खैराङ्ग मलेखु जोडने सडकको ट्रयाक जोड्न बाँकी रहेको गार्खामा खण्डमा सडक ट्रयाक जोडनको लागि उपभोक्ता समिति मार्फत गरिएको कार्यको रु. २२,००,०००/ बाट प्राविधिक मूल्यांकन बमोजिम हुन आउने रकम सम्बन्धित उपभोक्ता समितिलाई गाउँपालिकामा प्राप्त हुने स्रोतबाट भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ६:**

चालु आ.व. मा संचालित तपसिलका योजनाहरु विविध कारणहरुले चालु आ.व.भित्र सम्पन्न हुन नसकिने भएकाले निम्नानुसार म्याद थप गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | निर्माण कम्पनि | म्याद थप गरिएको मिति |
|---|---|---|---|---|
| १ | RAK/BLDG/NCB-16/77-78 | Procurement of Construction Of Chepang Museum | M/S Baniya-Sundar Nepal J.V | २०८० मङ्सिर मसान्तसम्म |
| २ | RAK/ROAD/NCB-4/078 079 | Dungu Athare Dantar Sadak | M/S Kastamandap Aajiwan J.V | |
| ३ | RAK/BLDG/NCB-13/77-78 | Procurement of Construction of Administrative Building | M/S Jayamata Engineering Construction Pvt. Ltd. | |
| ४ | RAK/ROAD/NCB-3/78/79 | Procurement of Upgrading of Devitar Pangthali Silinge Sadak | M/S Shikhar Engieering Construction Pvt. Ltd. | |

**निर्णय नं. ७:**

आर्थिक वर्ष २०७६/७७ मा स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सञ्चालन गर्न लागत अनुमानको ३० प्रतिशत रकम स्थानीय तहमा हस्तान्तरण भई बजेट प्राप्त भएकोमा सो आ.ब.मा स्वास्थ्य केन्द्र निर्माण ठेक्का प्रकृया शुरु भई खर्च हुन नसकेकोले पछिल्लो आर्थिक वर्ष २०७७/७८ मा माँग र कार्य प्रगतिको आधारमा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण हुन बजेट रु २३२०००००/-प्राप्त भई निम्न उल्लेखित स्वास्थ्य केन्द्र निर्माणाधिन अवस्थामा रहदा रहदै कोभिड-१९ को कारणले केही स्वास्थ्य केन्द्र भवन सम्पन्न हुँन बाँकी रहेकोमा भुक्तानी हुनु पर्ने रकम सम्बन्धितमा मिति २०७८/१२/२८ मा माँग गरि पटक पटक ताकेता हुँदा पनि बजेट निकासा नभएको अवस्थामा निर्माण कर्ता बाट भुक्तानीको लागि ताकेता गरेको हुँदा गाउँपालिकाको श्रोतबाट ३ वट आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माणको रकम रु ३१०५२९३/-भुक्तानी दिने कार्य भएकोमा यस आर्थिक वर्ष २०७९/८० मा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण भुक्तान हुन रु ६१०१०००/-बजेट प्राप्त भएको हुँदा पालिकाबाट खर्च भुक्तानी भएको रकम सो.भ.हुनु पर्ने रु ३१०५२९३ गाउँपालिकाको कोषमा फिर्ता दाखिला गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

देव चन्द्र गतौला
प्रमुख प्रशासकीय अधिकृत

आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१-२०७८/०३/३१ बजेट उपशीर्षक : संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)

| सि.नं. | मिति | भौ.न. | विवरण | ठेक्का अङ्क | प्रथम विल | दोश्रो विल | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २०७८/०३/०७<br>२०७८/०३/२९ | ४८<br>८२ | सरिखेत आधारभूत स्वास्थ्य केन्द्र निर्माण | ३८०२९७५.८ | २०८७५१२. | १४६३८८२. | ३५५१३९४. |
| २ | २०७८/०३/०७<br>२०७८/०३/२९ | ५०<br>८३ | कोखारी आधारभूत स्वास्थ्य केन्द्र निर्माण | ३७९८५०४.३७ | २०८२४४१. | १४७२६१५. | ३५५५०५६. |
| ३ | २०७८/०३/०७<br>२०७८/०३/२९ | ४९<br>८१ | देविटार आधारभूत स्वास्थ्य केन्द्र निर्माण | ३८०९८६३.३८ | २०८२४४१.<br>१५११३३०. | | ३५९३७७१. |
| ४ | २०७८/०३/१४ | ५९ | वडा नं.१ स्वास्थ्य केन्द्र भवन निर्माण | ३७९४४९०.४४ | १९६०३५०. | | १९६०३५०. |
| ५ | २०७८/०३/१४ | ६० | धिराङ्ग स्वास्थ्य केन्द्र भवन निर्माण | ३७९८५१०.५३ | १९६०३५०. | | १९६०३५०. |
| ६ | २०७८/०३/२४ | ७० | स्वास्थ्य केन्द्र राक्सिराङ्ग ४ मा भवन निर्माण | ३७९८४८२.५६ | २०८२४२७. | | २०८२४२७. |
| | | | | जम्मा | १३७६६८५१. | २९३६४९७. | १६७०३३४८. |

गाउँपालिका कोष बाट भुक्तानीं भई सम्पन्न भएका आधारभुत स्वास्थ्य केन्द्र भवन

| सि.नं. | विवरण | गा.पा.कोषबाट | | |
|---|---|---|---|---|
| | | मिति | भौ.नं. | रकम |
| १ | वडा नं.१ स्वास्थ्य केन्द्र भवन निर्माण | .२०७८/१२/३० | २५६. | ८०००००. |
| | | .२०७९/०३/१२ | ३६९. | ५०९७०८. |
| २ | धिराङ्ग स्वास्थ्य केन्द्र भवन निर्माण | .२०७९/१२/१३ | १५९. | ५५८८२४. |
| ३ | स्वास्थ्य केन्द्र राक्सिराङ्ग ४ मा भवन निर्माण | .२०७८/१२/३० | २५५. | ८०००००. |
| | | .२०७९/०२/१६ | ३२२. | ४३६७६१. |
| | | जम्मा | | ३१०५२९३. |

**निर्णय नं. ८:**

बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र मार्फत राक्सिराङ्ग ९ तर्लिङ्ग तथा ब्रुङ्गदी सिचाईं मा निर्माणाधीन रहेको लिफ्ट सिंचाई योजनाको लागि स्थानीय तहले लागत साझेदारी बापत व्यहोर्नुपर्ने रकम रु. ३,००,०००/- भुक्तानीका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ०९:**

हवाहुरिका कारण श्री आ.वि., ठुलो टोड्के को भवन संरचनामा क्षति पुगेको हुँदा सोको मर्मत सम्भारका लागि विद्यालयबाट माग भई आएको हुँदा रु. २००,०००/- र गाउँपालिकाको निर्माणाधीन प्रशासकीय भवन निर्माणका क्रममा श्री लेकाली महिला बचत तथा ऋण सहकारी संस्थाको नजिक माटोको ढिस्को भत्किएर वरपरको संरचनामा आएको जोखिम हटाउन तत्काल पर्खाल निर्माण गर्नुपर्ने भएको हुँदा सो कार्यका लागि रु. ५ लाख बिनियोजन गर्ने।

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मनहरी... मकवानपुर
बागमती प्रदेश, नेपाल

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १०:**

यस गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणा गर्ने प्रयोजनको लागि सेवा प्रदायक संस्था ग्रामीण जागरण तथा विकास संस्था, हेटौंडा सँगको साझेदारीमा तर्जुमा भएको ***बालमैत्री स्थानीय तह घोषणा कार्ययोजना*** स्वीकृत गर्ने।

**निर्णय नं. ११:**

सङ्घीय सरकारबाट चेपाङ विशेष पोषण कार्यक्रम अन्तर्गत पोषण संवेदनशील तर्फ प्राप्त भएको थप बजेट रु.१५,००,०००/- रकमबाट कार्यक्रम संचालन सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयको निर्णयानुसार स्वीकृत प्रस्तावना बमोजिम निम्न कार्यक्रमहरु संचालन गर्ने गरेको निर्णय अनुमोदन गर्ने

| क्र.स. | बिषयगत क्षेत्र | क्रियाकलाप | इकाई | प्रति इकाई मूल्य | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | महिला तथा बालबालिका | महिला सहकारी वा समुहको पोषण सुधार गर्न आयआर्जन अनुदान | १ | ६२५००० | ६२५००० |
| २ | पोषण मैत्री स्थानीय शासन(NFLG) घोषणा | क) स्थिति पत्र तयार | १ | १५०००० | १५०००० |
| | | ख) बस्ति स्तरीय पोषण सुधार कार्य योजना तयार | १ | ३१३५० | ३१३५० |
| | | ग)पोषण सुधारको लागि नमुना कार्यक्रम | २ | १५०००० | ३००००० |
| ३ | स्वास्थ्य | क) otc स्थापना गर्ने | १ | १५०००० | १५०००० |
| ४ | video documentry सम्बन्धमा | video documentry बनाउने | १ | २४३६५० | २४३६५० |
| | | | | जम्मा | १५००००० |

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ।**

राक्सिराङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चैनपुर, मकवानपुर बागमती प्रदेश, नेपाल

देव [illegible] गर्तौला
प्रमुख प्रशासकीय अधिकृत